# आ.व. २०८१/०८२ को आन्तरिक लेखा परिक्षण प्रतिवेदन

गोलन्जोर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

बागमती प्रदेश, नेपाल

आ.व. २०८१/०८२

प्रतिवेदनकर्ताः सहायक लेखा अधिकृत श्री पदम बहादुर सुनुवार

गोलन्जोर गाउँपालिका

आन्तरिक लेखा परिक्षण शाखा

ग्वालटार, सिन्धुली

# गोलन्जोर गाउँपालिका
## Golanjor Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

☎ ९८५४०४५१९३
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

प.सं.२०८२/०८३
च.नं. ४६५

मितिः२०८२/०७/०१

विषयः आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश सम्बन्धमा।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोलन्जोर गाउँपालिका गाउँकार्यपालिकाको
कार्यालय ग्वालटार सिन्धुली।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.ब.२०८१/०८२ को बजेट खर्च भई सो को लेखाँङ्कन समेत सम्पन्न भएको तथा खर्च भएको रकम रितपुर्वक भए नभएको आवश्यक पुष्टयाई सहितको कागजातको परीक्षण गरी अन्तिम लेखा परीक्षणको लागी गर्नुपर्ने आवश्यक सुधार को प्रतिवेदन पेश गर्न आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा व्यवस्था भएकोले आन्तरिक लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न छ । आन्तरिक लेखापरीक्षण बाट औल्याएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८, ३९ र ४० बमोजिम कार्यान्वयन गर्न गराउनु हुन समेत अनुरोध छ ।

बोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय बबरमहल, काठमाण्डौ
श्री महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाण्डौ
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडा, मकवानपुर
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुली ।

नामः पदम बहादुर सुनुवार
पदःसहायक लेखा अधिकृत
आ.ले.प. शाखा

गोलन्जोर गाउँपालिकाको कार्यालय

ग्वालटार, सिन्धुली

# आन्तरिक लेखापरिक्षण प्रतिवेदन

आर्थिक वर्षः २०८१/०८२

१.कार्यालयको नामः गोलन्जोर गाउँपालिका

कार्यालय कोडः ८०१०३२५०३

## २. कार्यालय परिचय र स्थापनाको उद्देश्यः

वागमती प्रदेश सिन्धुली जिल्ला को नौ वटा स्थानीयतहहरु मध्य गोलन्जोर गाउँपालिका पनि एक हो । यस गाउँपालिकामा ७ वटा वडाहरु, क्षेत्रफल १८४.१४ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकामा ३९ जना गाउँसभा सदस्यहरु रहेका छन् ।राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा परिवार संख्या ४५२७ जना तथा कुल जनसंख्या १८७३७ जना रहेको छ भने जनघनत्व १०२ जना प्रति वर्ग कि.मि. रहेको छ ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्याकारिणी, र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, समन्वय र सहअस्तित्वलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारको काममा जनसहभागिता, उत्तरदियत्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।

## ३.आर्थिक वर्ष २०८१/०८२ को जिम्मेवार पदाधिकारी को नाम र कार्यरत अवधीः

| क्र.सं. | कार्यालय प्रमुख | | आर्थिक प्रशासन प्रमुख | |
|---|---|---|---|---|
| | नाम र दर्जा | कार्यरत अवधि | नाम र दर्जा | कार्यरत अवधि |
| १. | ठाकुर प्रसाद दाहाल (प्र.प्र.अ.) | २०८०।०९।०६-२०८१।०५।०५ | सविन प्रसाद न्यौपाने-लेखापाल | २०८०।०८।३०-२०८१।०९।२९ |
| २. | चन्द्रकान्त चौधरी (प्र.प्र.अ.) | २०८१।०६।१२-२०८२।०३।३१ | निरज कुमार ठाकुर स. ले. अ. | २०८१।१०।१३ २०८२।०३।३१ |

## ४.आर्थिक वर्ष २०८१/०८२ को खाता संञ्चालन गर्ने जिम्मेवार पदाधिकारीहरुः-

| क्र.सं. | खाता संचालन गर्ने पदाधिकारी | | खाता संचालन गर्ने पदाधिकारी आर्थिक प्रशासन | |
|---|---|---|---|---|
| | नाम र दर्जा | कार्यरत अवधि | नाम र दर्जा | कार्यरत अवधि |
| १. | ठाकुर प्रसाद दाहाल (प्र.प्र.अ.) | २०८०।०९।०६-२०८१।०५।०५ | सविन प्रसाद न्यौपाने - लेखापाल | २०८०।०८।३०-२०८१।०९।२९ |
| २. | चन्द्रकान्त चौधरी (प्र.प्र.अ.) | २०८१।०५।०५ २०८२।०३।३१ | निरज कुमार ठाकुर सहायक लेखा अधिकृत | २०८१।०९।२९ २०८२।०३।३१ |

## ५. विनियोजित रकम र खर्चको स्थिति

पालिकाको क्षेत्रगत रुपमा कुल बजेट रु.५७ करोड १३ लाख ११ हजार ५ सय रुपैयाँ को आधारमा समग्र रुपमा प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च पौष मसान्त सम्म निम्नानुसार रहको छ ।

| क्र.सं. | खर्च | विनियोजित रकम रु | खर्च रकम रु | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | ८६।१५ |
| १. | चालु | ४१६२३७७१४ | ३५८५९७२९५।२० | ७९।२५ |
| २. | पूँजिगत | १५५०७३७८६ | १२२९०२६४६।८९ | ८४।२८ |
| ३ | जम्मा | ५७१३११५०० | ४८१४९९९४२।०९ | |

## ६. क्षेत्रगत बजेट र खर्चको स्थितिः

पालिकाको क्षेत्रगत रुपमा कुल बजेट रु.५७ करोड १३ लाख ११ हजार ५ सय रुपैयाँ को आधारमा समग्र रुपमा प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च असार मसान्त सम्म निम्नानुसार रहको छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | विनियोजित रकमको खर्च | विनियोजित रकमको खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास | १०६६०९५९१।०० | ८०५४०५३३।८९ | ७५।९५ |
| २. | सामाजिक विकास | २९७४२५७६०।०० | २६६८०२५२६९।५८ | ८९।८६ |
| ३. | आर्थिक विकास | ४९६८१००३।०० | ४०३५३८५९।०० | ८१।११ |
| ४. | सुशासन तथा संस्थागत | १६७०६०००।०० | १३३३८६१८।०० | ८०।९८ |
| ५. | कार्यालय संचालन तथा प्रशासनिक | १००८८९१४६।०० | ७९२४१६६२।६२ | ७८।६१ |
| | कुल जम्मा | ५७१३११५००।०० | ४८१४९९९४२।०९ | ८४।२८ |

## ७. लेखापरीक्षणको उद्देश्यः

कार्यसम्पादको क्रममा प्रचलित नियम कानूनको परिपालना एवं आर्थिक कारोवारको लेखाङ्कन गरीक्षण गरी प्रतिवेदन सहित व्यवस्थापनलाई आवश्यक विषय सुनिश्चित गर्नु यस लेखापरीक्षणको क्रउद्देश्य रहेको छ ।

१. आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता भए नभएको परीक्षण गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्नु ,
२. प्रचलित कानून अनुसार आम्दानी तथा खर्च र त्यसको लेखांकन प्रक्रियाको परीक्षण गरी वित्तीय जवाफदेहीता कायम राख्न सहयोग पुर्याउनु,
३. अन्तिम लेखापरीक्षणका लागी श्रेस्ताहरु तयारी अवस्थामा राख्न लगाउनु,
४. आर्थिक कारोबारमा बेरुजू र अनियमितता नहुने स्थीति सिर्जना गर्न व्यवस्थापनलाई सहयोग गर्नु,
५. संगठनलाई आवश्यक पर्ने वित्तीय प्रतिवेदनहरु समयमै सही र भरपर्दो रुपमा उपलब्ध गराउन सहयोग गर्नु,
६. कार्यालयबाट सञ्चालन भएको कार्यक्रमहरु निर्धारित समयमा सम्पन्न गर्न सहयोग गर्नु ।

## ७. लेखापरीक्षणको क्षेत्रः

कार्यालयको आर्थिक वर्ष २०८१।०८२ को विनियोजन, राजस्व, धरौटी, कार्यसंञ्चालन कोष तथा अन्य सरकारी कोष तत् समबन्धी श्रेस्ता, प्रमाण, कागजात विवरण तथ्याङ्क सूचनाको साथै कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था, कानूनको परिपालना, सरकारी सम्पत्तिको संरक्षण र स्रोतको नतिजामूलक व्यवस्थापनको सम्बन्धमा आवश्यक परीक्षण गरी व्यवस्थापन समक्ष सुझव प्रस्तुत गर्न यो लेखापरीक्षण केन्द्रीत हुनेछ । यो लेखापरीक्षण गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता तथा मितव्ययिता जस्ता आधारहरु लिईनेछ ।

## ८. लेखापरीक्षणको कार्यपद्धतिः

लेखापरीक्षणको विषयवस्तु अनुसार प्रक्रियामूलक वा नतिजामूलक वा दुबै पद्धति अवलम्बन गरी परीक्षाण गरिने छ ।प्रक्रियामुलक लेखापरीक्षणमा मूलतः प्रतिलत कानूनले निर्धारण गरेको प्रक्रिया अनुरुप लेखाङ्कन गरे नगरेको परीक्षण गरी गणितिय शुद्धता कायम गर्ने जस्ता पक्षहरुको परीक्षण गरिनेछ भने नतिजामूलक लेखापरीक्षणमा संगठनको कार्यसम्पादन मितव्ययी, प्रभावकारी र कार्यदक्षतापुर्ण ढंगले सम्पादन भए नभएको परीक्षण गरिनेछ ।लेखापरीक्षण कार्य प्रवेश बैठबाट शुरु भई बर्हिगमन बैठकबाट अन्त्य हुनेछ ।लेखापरीक्षण गर्दा भौचिङ, सुनिश्चितता कागजातको भिडान, छलफल, विवरण संकलन तथा विश्लेषण जस्ता विधिहरु अवलम्वन गरिएको छ ।

## १०.लेखापरीक्षणको सीमाः

१.लेखापरीक्षण कार्य सम्बन्धित निययबाट उपलब्ध गराइएका लेखा, श्रेस्ता, प्रमाण कागजात एवं तथ्याङ्क र जानकारीहरुकम आधारित रहेको छ । यसरी उपलब्ध गराईएका कागजात प्रमाण एवं तथ्य तथ्याङकहरु पूर्ण सत्य र यथार्थ छन् भनि मानेर लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ ।

२.कतिपय अवस्थामा लेखापरीक्षण गरिने निकायबाट पेश भएका फाईलहरुमा प्रयास मात्रामा कागजातहरु संलग्न नभएको वा उपलब्ध हुन नसक्ने अवस्थामा उपलब्ध सिमित कागजातहरुबाट उठाईएका विषयहरुबाट तात्विक निष्कर्षमा पुग्ने नसकिने र थप अध्ययनमा समयको सिमितता र विषयगत विज्ञता कारण लेखापरीक्षणले अपेक्षा गरे अनुरुप नतिजा हासिल गर्न कठिनाई पर्ने दखिन्छ । यद्यपि यसरी प्रयास कागजात नपुगेको अवस्थामा सो कारोबारको कैफियत तथा बेरुजू लेख्ने प्रयास गरिएको छ ।

३. लेखापरीक्षण गर्दा प्रक्रियामूलक र नतिजामूलक दुबै प्रक्रिया अवलम्बन गर्न प्रयास गरिएको भए तापनि लेखापरीक्षणको लागि उपलब्ध स्रोत साधन समयको सीमा लेखापरीक्षण कार्यमा संलग्न जनशक्तिको ज्ञान सिप र अनुभवको सिमितता जस्ता कारणहरुले गर्दा यो लेखापरीक्षण प्रक्रियामूल र कानूनको परिपालनामा नै बढी केन्द्रीत रहेको छ ।

४.यो लेखापरीक्षणमा प्रचलित कानूनमा उल्लेखित आन्तरिक लेखापरीक्षणका क्षेत्र तथा आधारभूतहरुलाई समेट्ने प्रयास गरिएको भए तापनि लेखापरीक्षणका समग्र पक्ष क्षेत्र तथा आधारहरुलाई समेट्न कठिनाई भएको छ ।

५. यो लेखापरीक्षण सार्वजनिक कोषको प्रयोग गरी भएको आर्थिक कारोवारमा मात्र केन्द्रित छ ।

६. आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गर्दा असल मनसाय राखेर गरिएको छ ।यसरी असल मनसायका साथ गरेको परीक्षणबाट कुनै कारोबार छुट हुन गएमा वा त्रुटी हुन पुगेमा त्यस्तो कार्यलाई सोही दृष्टिकोणबाट हरिनुपर्दछ ।

११.जोखिम मूल्याङ्कनः

| क्र.सं. | जोखिमका क्षेत्र | अन्तरनिहित जोखिम | आन्तरिक नियन्त्रणको व्यवस्था |
| --- | --- | --- | --- |
| १. | मसलन्द तथा कार्यालयको आवश्यक सामानहरुको टुक्रे खरिद हुने गरेको । | कार्यालयलाई आर्थिक भार बढ्ने । | टेन्डर प्रक्रिया अवलम्बन गर्ने ई- विडिङ गर्ने। |
| २. | आर्थिक वर्षको अन्त्यमा विकास खर्च धेरै हुँदा आर्थिक अनियमितता हुनुको साथै गुणस्तर नहुने । | निर्माणाधिन कार्यको गुणस्तर कमजोर हुने । | आ.व. को सुरुवात बाटनै लक्ष्य निर्धारण गरी योजना तथा कार्यक्रमहरु सम्पादन गर्ने । |
| ३. | आन्तरीक लेखापरीक्षक र महालेखा परीक्षकले दिएको सुझावहरुको कार्यान्वयन नहुने । | महालेखापरीक्षक ले औंल्याएको सुझाव सल्लाह मार्फत सुधार गर्दै नजाँदा आगामी दिनहरुमा कार्यालयको कार्यसम्पादन र आर्थिक अनुशासन कमजोर हुदै जाने। | सुझाव को कार्यान्वयन गर्ने |
| ४ | निकासी कर संकलन | सम्झौता गरेको वस्तुको विवरणहरु बाहेक पनि रकम असुली भएको । | अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने । |

१२.लेखापरीक्षण गर्नेः

| क्र.सं. | पद | नामथर |
| --- | --- | --- |
| १. | आन्तरीक लेखापरीक्षक सहायक लेखा अधिकृत | पदम बहादुर सुनुवार |

तयार गर्ने

पदम बहादुर सुनुवार

सहायक लेखा अधिकृत

स्वीकृत गर्ने

मान बहादुर बराल

प्रमुख प्रशासकीय अधिकृत

१३. लेखापरीक्षण गरिएको अवधिः २०८१।०४।०१-२०८२।०३।३१ गते सम्म

कार्यालयबाट सम्पादन हुने प्रमुख कार्यहरुः

| क्र.सं. | सम्पादन हुने प्रमुख कार्यहरु | सेवाप्रवाह प्रणाली |
|---|---|---|
| १. | योजना सँग सम्बन्धीत सम्पुर्ण कार्यहरु | पुर्वाधार शाखा,योजना शाखा मार्फत |
| २. | शिक्षा सँग सम्बन्धीत कार्यहरु | शिक्षा शाखा मार्फत |
| ३. | स्वास्थ्य सँग सम्बन्धीत कार्यहरु | स्वास्थ्य शाखा मार्फत |
| ४. | योजना अनुगमन | उपाध्यक्ष्य ज्यू, को संयोजकत्व मार्फत |
| ५. | पन्जिकरण सम्बन्धित कार्यहरु | पन्जिकरण शाखा मार्फत |
| ६. | लघुउद्यम सँग सम्बन्धित कार्यहरु | लघुउद्यम सहजकर्ता मार्फत |
| ७. | राजस्व संकलन सम्बन्धित कार्यहरु | राजश्व उपशाखा मार्फत |
| ८. | रकम भुक्तानी सँग सम्बन्धित कार्यहरु | आ.प्र.शाखा |
| ९. | प्रधानमन्त्री रोजगार कार्यक्रम | रोजगारसेवा केन्द्र /प्रधानमन्त्री रोजगार शाखा |
| १०. | पशु, कृषी सम्बन्धी सम्पुर्ण कार्य | पशु, कृषी शाखा |
| ११. | पोषण | पोषण सहजकर्ता / स्वास्थ्य शाखा मार्फत |
| १२. | विपद् | विपद् शाखा |
| १३. | खेलकुद | खेलकुद विकास समिति मार्फत |

१४. परीक्षण सूची

राजस्व तर्फः

| क्र.स. | विषय | छ | छैन |
|---|---|---|---|
| १. | राजस्व दरवन्दी अनुसार वा उठ्नुपर्ने भनी निर्धारण भएको राजस्व रकम सबै असुल भएको | | ✓ |
| २. | असुल हुन बाँकी रकम भए लगत कसी राखेको | | ✓ |
| ३. | नगद वा बैंक भौचरको रुपमा राजस्व प्रास गरेपछि अनिवार्य रुपमा आम्दानी रसिद दिन गरेको । | ✓ | |
| ४. | आम्दानी रसिदमा सिलसिलेवार रुपमा नदोहोरिने गरी रसिद नम्बर छापिएको | ✓ | |
| ५. | राजस्व असुल गर्दा प्रयोग गरिएको रसिदहरु रसिद अपचलन हुन नपाउने गरि नियन्त्रणको व्यवस्था गरिएको । | ✓ | |
| ६. | नगद प्रास रकम सो को भोलिपल्ट वा तोकिएको अवधि भित्र राजस्व खातामा बैंक दाखिला गर्ने गरेको । | | ✓ |
| ७. | रद्द गरिएको रसिदका सबै प्रतिलिपी | ✓ | |
| ८. | गोश्वरा भौचरमा चढाईए को विवरण | ✓ | |
| ९. | गोश्वरा भौचर साथ कारोबारलाई प्रमाणित गर्ने कागजात बैक भौचर आम्दानी रसिद आदी संलग्न | ✓ | |
| १०. | गोश्वरा भौचर साथ कारोबारलाई प्रमाणित गर्ने कागजात | ✓ | |
| ११. | आम्दानी बाँधेको प्रत्येक बैक भौचर मितिमा आम्दानी जनाइयो भन्ने छाप लगाएको । | | ✓ |
| १२. | राजस्व प्रास हँदा काटिएका प्रत्यक आम्दानी | ✓ | |

| | | | |
|---|---|---|---|
| १३. | मासिक प्रतिवेदनहरुको जम्मा र वार्षिक विवरणको अंक भिडेको | ✓ | |
| १४. | खाताहरुको प्रविष्टिमा सम्बन्धित कर्मचारीले प्रमाणित गरेको | ✓ | |

## १५. आ.व.२०८१/०८२ को गाउँपालिका तथा वडाबाट संकलित राजश्व विवरण:

गोलन्जोर गाउँपालिका

गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय,

ग्वाल्टार ,सिन्धुली ।

आ.व.२०८१/०८२ . मिति २०८१/०४/०१ देखि मिति २०८२ आषाढ मसान्त सम्म गाउँपालिका तथा वडाबाट संकलित राजश्व विवरण

| क्र.स. | राजश्व शिर्षकहरु | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | वडा नं.७ | गाउँपालिका को कार्यालय | जम्मा राजश्व |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकिकृत सम्पति कर | | | २,४००.०० | ५००. | | ६,३८९.५० | | | |
| २ | भुमिकर, मालपोत | १७१५८६. | १०६१६७.३१ | ८३,३३२.०० | २९२५४५. | १८१८३५.८८ | १३१३०७.१ | १५०९३९.२९ | ४,१६१.१७ | |
| ३ | घरवहाल कर | | | १७,८६६.०० | ६,०००.०० | २४६६४४.०८ | ३६,३८०.०० | ६२५३५३.८५ | २९७,४७३.४१ | |
| ४ | वहाल विटौरी कर | | | ८७,२५९.०० | ९,९००.०० | | | | ५८९,२६२.०० | |
| ५ | व्यवसायले भुक्तानी गर्ने कर | | | | | | | | २५०.०० | |
| ६ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | ४२६०००. | | | | | ४,८०७,०००.०० | |
| ७ | अन्य सेवा शुल्क तथा बिक्री | | | | | | | | २५७,३००.०० | |
| ८ | शिक्षा क्षेत्रको आम्दानी | | | | ३,५००.०० | | | | | |
| ९ | अन्य कर | | | १,९००.०० | | | ४००. | | ७७,३४६.०० | |
| १० | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | | | | | | | | |
| ११ | विद्युत सेवा शुल्क | | | | | | | | | |
| १२ | न्यायिक दस्तुर | | | | | | | | ४,५००.०० | |
| १३ | परीक्षा शुल्क | | | | | | | | ८२,५००.०० | |
| १४ | अन्य दस्तुर | १२०५४.२३ | २००. | २००. | | १६,९३८.६५ | | | ६०९,८४०.०० | |
| १५ | अन्य प्रशासनिक सेवा शुल्क | | | | | | | | ७२४,७६०.०० | |
| १६ | व्यापारिक निकायबाट प्राप्त लाभांश | | | | १,०००.०० | | | | | |
| १७ | अन्य क्षेत्रको आय | | | | ३,०००.०० | | | | | |
| १८ | नक्सापास दस्तुर | | | | | | | ५००. | ८१,१२१.४९ | |
| १९ | सिफारिस दस्तुर | ८२८५२ | ४९,८००.०० | ११०,४९५.०० | ३३,२००.०० | ७५,८२५.०० | २८,३९०.०० | १३८००६.७८ | ३३,९००.०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | व्यक्तिगत घटना दर्ता दस्तुर | ७०००० | ३८,१००.०० | २४,५००.०० | ४,६००.०० | २५,८००.०० | ५२,६००.०० | ३१६००. | | |
| २१ | नाता प्रमाणित दस्तुर | १४०००. | ४,१००.०० | १२,४००.०० | ६,३००.०० | ८,२००.०० | ७,२००.०० | १४२००. | | |
| २२ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | १००. | ५००. | | ५००. | | ६००,८३५.०० | |
| २३ | न्यायिक दण्ड जरिवाना र जफत | | | | | | | | | |
| २४ | अन्य बिक्रिबाट प्राप्त रकम | | | २००. | | | | | | |
| २५ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | | १००. | | | | | | | |
| २६ | बेरुजु | | | | | | | | ५२५,१४८.०९ | |
| २७ | व्यसाय कर | | | १००. | | | | | ८,६४०.०० | |
| २८ | दहत्तर बहत्तर शुल्क | १४०४०३.३८ | २३३६५५.१८ | ४८,३८५.९९ | १६७६०५.४८ | ८८,७६५.५७ | २३५१७६.४७ | ७४३२१.५४ | १,६१०,३३२.७६ | |
| २९ | अन्य राजश्व | | | ५००. | ५,०००.०० | २००. | २००. | | १,२००.०० | |
| ३० | निकासा फिर्ता | | | १,०००.०० | | | | | ९९,०११.०० | |
| ३१ | विज्ञापन कर | | | | | | | | १५,२००.०० | |
| ३२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | | | | | १५,०००.०० | |
| | जम्मा | ४९०,८९५.६१ | ४३२,१२२.४९ | ८१६,६३७.९९ | ५३३६५०.४८ | ६४४,२०९.१८ | ४९८,५४३.०७ | १०३४९२१.४६ | १०,४४४,७८०.९२ | १४,८९५,७६१.२० |

**१६. निकासी कर सम्बन्धमाः** नेपालको संविधानमा व्यवस्था भएको एकल र साझा अधिकार सूची, आर्थिक ऐन, २०७९ को नियम २ र ३ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाले देहाय बमोजिम निकासी कर लागएको छः

| क.सं. | आ.व. | ठेक्का लागेको मुल्य | वृद्धी प्रतिशत | ठेकेदारले कबोल गरेको अंक | मु.अ.कर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७८/०७९ | ५००००० | | | | | अमर निर्माण सेवा |
| २ | २०७९/०८० | ६००००० | २० प्रतिशत | ६०५००० | ७८६५० | ६८३६५० | अमर निर्माण सेवा |
| ३ | २०८०/०८१ | ९००००० | ५० प्रतिशत | ९०४००० | ११७५२० | १०२१५२० | अमर निर्माण सेवा |
| ४ | २०८१/०८२ | ४६००००० | ४११.११ प्रतिशत | ४६००००० | ५९८००० | ५१९८००० | अमर निर्माण सेवा क.न.पा. ४ सिन्धुली (गोलन्जोर( ५) |
| ५ | २०८१/०८२ | ४२०००० | | ४२०००० | ५४६०० | ४७४६०० | श्री न्यासुर कन्स्ट्रक्सन एण्ड सप्लार्स प्रा.लि. क.न.पा. ५सिन्धुली । गोलन्जोर वडा नं. ३ ।। |

**वडा नं. ३ ग्वालटार केन्द्रः**

यस आ.व. २०८१/०८२ मा गाउँपालिकाको दुई स्थानमा निकासी कर को ठेक्का लागेकोमा वडा नं. ३ ग्वालटार केन्द्र श्री **न्यासुर कन्स्ट्रक्सन एण्ड सप्लार्स प्रा.लि. क.न.पा.५ सिन्धुली** ले मिति:२०८१/०५/०९ गते सम्झौता भई ठक्का को रकम रु. ४२००००/- र मु.अ.कर रकम रु.५४६००/- गरि जम्मा रकम रु.४७४६००/- ठेक्का समझौता भएको । यस गाउँपालिकाको राजश्व खाता नं. ०२११५२३३१५२ मा रु.४२००००/- मिति:२०८१/०५/०९ दाखिला गरिएको र सोही मितिमा राष्ट्रिय बाणिज्य बैंक राजश्व शिर्षक नं.३३३१४ मा रु.५४६००/- दाखिला भएको पाईयो । तर लेखापरीक्षण मिति सम्म पनि प्रयोग भएको रसिद को ठेली यस कार्यालयलाई बुझाएको पाईएन ।

**वडा नं. ५ खनियाँ खर्क केन्द्रः**

**श्री अम्बर निर्माण सेवा कमलामाई नगरपालिका वडा नं.४ सिन्धुली** ले मिति २०८१/०५/०२ गते पहिलो किस्ता बापत रु.२३०००००.०० बुझाएको पाईयो । सम्झौता को बुँदा नं. ३.५ मा दुई किस्तामा दाखिला गर्ने व्यवस्था रहेको छ । बुँदा नं.३.६ मा उल्लेख भएको मिति २०८१ पौष मसान्त भित्र दोस्रो किस्ता दाखिला हुनुपर्नेमा सो नभएकोले पाईएकोले सम्बन्धितलाई जिम्मेवार बनाई दाखिला गर्न बाँकी रकम तत्काल दाखिला गराउनु को लागी कार्यालयले मिति:२०८१/१०/१३ गते दोश्रो किस्ता बुझाउनुको लागी पत्राचार गरिएको पाइयो।पुनःपत्राचार मिति:२०८२/०१/३० गते को पत्र ब्यहोरामा ५ दिन भित्र बाँकी रकम दाखिला भनिएकोमा दाखिला नगरि कार्यालयले पुनः मिति:२०८२/०३/०३ गते ५ दिन भित्र दाखिला गर्न पत्राचार गरिएको पाईयो । पत्राचार गरिएको उल्लेखित दाखिला नभई मिति:२०८२/०३/११ गते को टिप्पणी मार्फत performance Bond मा उल्लेख गरिएको रकम रु.४६०००००/- रकम बाट कार्यालयलाई बुझाउनुपर्ने दोस्रो किस्ता रकम रु.२३००००० र जरिवाना रकम रु.२०७०००/- (माघ, फाल्गु,चैत्र. बैशाख. जेठ र असार महिना गरि जम्मा १८० दिन को दर ०.०५ प्रतिशत प्रतिदिनको दरले) कार्यालयले टिप्पणी उठाएर मिति:२०८२/०३/११ गते बैक जमानतको लागी श्री ग्लोबल आई एम ई बैक लाई पत्राचार गरिएको पाईयो । मिति:२०८२/०३/१८ सम्बन्धीत फर्मले रसिद नं. १३८८ मार्फत गाउँपालिकाको राजश्व खातामा रु.२३०००००/- दाखिला गरेको पाईयो । जरिवाना रकम सम्बन्धमा मिति:२०८२/०३/३० गते रसिद नं.१४२१ मार्फत यस गाउँपालिकाको आन्तरिक राजश्व खातामा रु.२०७०००/- जम्मा गरेको अभिलेख रहेको छ ।

साथै सम्झौताको बुँदा नं. ३.४ मा निकासी कर लिनपाईने बस्तुको नाम उल्लेखित बाहेकको पनि कर उठाउन सक्न भएकोले बेलबेला यस कार्यालयले अनुगमन गर्नु आवश्यक देखिन्छ ।

**ग्वालटार हाटबजारः**

ग्वालटार हाटवजारको लागि ठेक्का लगाउने सूचना मिति:२०८१/०४/२३ गते प्रकाशन भएको र मु.अ.कर बाहेक रु.३८५००.०० मा श्री नुमेश कुमार थापा संग मिति २०८१/०५/०७ गते देखि लागुहुने गरी मिति २०८२/०३/२४ गते सम्म को लागी सम्झौता भएको पाईयो । मिति २०८१/०५/०७ गते रु.४३५२७/- गोलन्जोर गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला भएको ले भ्याट रकम रु५००५ संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**१६. १.न्यायीक समिति तर्फः**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ अनुसार मुद्दा संख्याः-४**

| तारिखमा रहेको | पक्षले तारिख गुजारी बसेको | अन्तिम किनारा | विचाराधिन | | | विवरण |
|---|---|---|---|---|---|---|
| १ | ० | ३ | नाप नक्सा गर्न बाँकी | मेलमिलाप केन्द्रमा गएको | साक्षी बुझ्न बाँकी | ज्याल मजदुरी नपाएको । |
| | | | ० | ० | ० | २ |

१६.२.स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा २ अनुसार मुद्दा संख्याः-७

| तारिखमा रहेको | पक्षले तारिख गुजारी बसेको | अन्तिम किनारा | विचाराधिन | | | विवरण |
|---|---|---|---|---|---|---|
| | | | नाप नक्सा गर्न बाँकी /घरजग्गा सिमाना | मेलमिलाप केन्द्रमा गएको | साक्षी बुझ्न बाँकी | |
| २ | | ५ | ० | ० | ० | |

१७.पेश्की सम्बन्धमाः

आर्थिक कर्याविधध तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टा छुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था रहेकोले सो अनुसार गर्नु गराउनु पर्ने छ ।

फछ्यौट गर्न बाँकी पेश्कीको विवरणः

| क्र.सं. | नाम | रकम | कैफियत |
|---|---|---|---|
| | चालु तर्फ | | |
| १. | नविन कुमार थापा | १०००००।०० | |
| २. | मिन बहादुर अछमी | १८००००।०० | |
| | जम्मा | २८००००।०० | |
| | पुंजीगत तर्फः | | |
| १ | सुनकोशी माछा पालन (उ.स.) | ५०००००।०० | |
| २ | बगैचा दिङगदिङगबेशी राम्चेफेदी झो.पु. (उ.स.) | ३४७५८०।०० | |
| ३ | पाइनस कन्स्ट्रक्सन प्रालि (ठेकेदार) | ९०६७२०।०० | |
| ४ | खतिवडा स्वारा भालजुठा सिंचाई कुलो गोलन्जोर – ६ संजोग कन्ष्ट्रक्सन प्रा.लि. | २१९९३२।०० | |
| | जम्मा | १९७४२३२।०० | |

१८. जेसिभी सुचिकृत नभएको सम्बन्धमाः

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८(१) मा मौजुदा सूचीमा अद्याविक हुन कागजात सहित निवेदन दिनु पर्ने र सो को अभिलेख संम्बन्धीत निकायले राख्नुपर्ने ब्यवस्था रहेको छ तर देहायको फार्महरुको अभिलेख नभेटिएकोले सूचिकृत रकम असुल हुनुपर्ने।

| क्र.स. | गो.भौ.नं. मिति | उपभोक्ता समिति | कम्पनी तथा फार्म को नाम | सूचिकृत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६/२०८१/०६/१० | श्री छिपेपानी पाल्पाली डाँडा सडक निर्माण उपभोक्ता समिति वडा नं. ५ | श्री आदिमी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०००० | जे.सि.वि. |
| २ | १५/२०८१/०८/०६ | माथिल्लो वेसी खेलमैदान निर्माण उभोक्ता समिति | श्री यु.के.वि. कन्स्ट्रक्सन प्रा.लि. गोलन्जोर-७ खुर्कोट | २०००० | जे.सि.वि. |
| ३ | २४/२०८१/१०/०३ | श्री वडा स्तरीय बाटो मर्मत उपभोक्ता समिति वडा नं. ७ | श्री खिम्ती स्टयाण्डर्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. का.म.न.पा. ३५ | २०००० | जे.सि.वि. |
| ४ | २६/२०८१/१०/२४ | श्री फोस्रे खोला सडक ट्राक निर्माण उ.स. | श्री एभरलास्टिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. गोलन्जोर ६ सिन्धुली ।प्यान नं. ६०९९१९९०९ | ३०००० | स्काभेटर |
| ५ | ६२४/२०८२/०३/२३ | श्री वितिजोर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | श्री वितिजोर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्यान नं ६२११९०६४० | ३०००० | स्काभेटर |
| | | जम्मा | | १२०००० | |

१९. भुवनेश्वरी ग्वालटार स्वास्थ्य चौकी एम्बुलेन्सले सेवा प्रदान गरेको र आम्दानीको विवरणः

**गाडी नं. बा प्र ०७-००१झ ०००४ आय र व्ययको विवरण सम्बन्धमाः**

बागमती प्रदेश, सिन्धुली जिल्ला, गोलन्जोर गाउँपालिकामा सञ्चालनमा रहेको बागमती प्रदेश-०७-००१-झ-०००४ नं. को एम्बुलेन्स को आ.व. २०८१/०८२ को आय र व्ययको बिवरण तपसिल बमोजिम रहेको छ।

तपसिलः

| क्र.सं. | विवरण | आय | विवरण | व्यय | कैफियत |
|---|---|---|---|---|---|
| १ | विरामी अस्पाल पुयाएको तथा अस्पतालबाट घर सम्म पुर्याएको बावत प्राप्त आम्दानी। | ६,४९,१००/- | एम्बुलेन्स मर्मत | ३,७७,५९४.४५/- | |
| | | | ईन्धन | ४,४२,२००/- | |
| | जम्मा | ६,४९,१००/- | | ८,१९,७९४.४५ | |

आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा संञ्चालनमा रहेको एम्बुलेन्स रु.१,७०,६९४.४५ (अक्षररुपी एक लाख सत्तरी हजार छ सय चौरानब्बे रुपैयाँ र पैतालिस पैसा मात्र) बढी व्ययभार देखिन्छ । त्यसको लागि खर्चमा मित्तव्यीता अपनाउदै सिमित स्रोत साधन बाट अधिकतम् सेवा दिनु नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्नु आजको आवश्यकता भएकोले त्यस तर्फ गाउँपालिका र समितिको ध्यान जान आवश्यक छ ।

**एम्बुलेन्सले सेवा दिएको विरामीहरुको विवरणः**

| क्र.सं. | विरामीको विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | सत्केरी महिला | ५० | | ५० | १०० प्रतिशत छुट |
| २. | जेष्ठ नागरिक | ३ | ७ | १० | ५० प्रतिशत छुट |
| ३. | सत्केरी महिला र जेष्ठ नागरिक | ८ | १४ | २२ | २५ प्रतिशत छुट |
| ४. | दिर्घ रोगी | २५ | २८ | ५३ | |
| ५. | सडक दुर्घटना | १५ | १० | २५ | |
| ६ | आत्महत्या प्रयास | २ | ३ | ५ | |
| ७. | टाईफाईट ज्योरो | ५ | ६ | ११ | |
| | जम्मा | १०८ | ६८ | १७६ | |

२०. आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियत तथा बेरुजूको विवरणः

क. सैद्धान्तिक कैफियतः

| कोड | शिर्षक | लेखापरीक्षणको व्यहोरा | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अवस्था | व्यवस्था | कारण | परिणाम | सुझाव |
| १ | | सरकारी कार्यालयबाट प्रकाशित विज्ञापन सूचनाहरुमा नियमानुसार पाउने छुट लिएर विज्ञापन सूचना प्रकाशन तथा प्रशारण गरिनु पर्नेमा नगरिएको। | विज्ञापन संकलन एवं विज्ञापन सम्बन्धी निर्देशिका,२०५३ अनुसार २५ प्रतिशत देखी ४० प्रतिशत सम्म छुट दिने व्यवस्था रहेको । | कानूनको पालना नभएको । | कार्यालयबाट बढी भुक्तानी भई आर्थिक व्ययभार हुनु मित्तव्ययी नभएको । | कार्यालयले पाउने छुट सुविधाहरु लिनुपर्ने। |
| | | विदा वा काजमा रहेको अवधिमा समेत कार्यालयको विभिन्न समितिको बैठक तथा समिक्षा कार्यक्रम शाखागत कार्यक्रम मा भाग लिएको बैठक भत्ता खाने कार्यालयको नियमित कार्य सम्पादन का लागि समेत समिति गठन गरी कार्यालय समय अघि वा पछि बठैक बसेको भनी अतिरित्त भत्ता खाने गरेको | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा २८(१)(ख) को व्यवस्था अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, | | अनियमित कामकारवाही भई अख्तियार को दुरुपयोग हुनु । | कानूनको परिपालना गर्नु । |
| २. | | पत्रिका सूचना, विज्ञापन प्रकाशित गर्दा आदेश पत्र संलग्न नगरेको पाईयो । | आदेश पत्र दिएर मात्र सूचना तथा विज्ञापन प्रकाशन गर्नुपर्ने । | कानूनको पालना नभएको । | पारदर्शिताको अभाव हुनु । | कार्यालयो सम्पुर्णसामग्री प्रकाशन तथा प्रशारण गर्दा आदेशपत्र दिएर मात्र कार्य गर्ने । |
| ३. | | आवश्यकता भन्दा बढी क्षेत्रफल ओगट्ने साईज ठुलो फन्ट गरि सूचना प्रकाशन गर्ने गरेको पाईयो । | | | आर्थिक व्ययभार बढी भएको | मित्तव्ययी हुनु पर्ने । |
| ४. | | कार्यालय सामान खरिद गर्दा एकै पटक खरिद गर्न मिल्नेमा टुक्रा-टुक्रा गरी सिलबन्धी तथा बोलपत्र छल्ने उद्देश्यले खरिद गरेको पाइयो । | सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को परिच्छेद-२ मा उल्लेखित व्यहोरा । | ऐन कानूनको परिपालना नभएको । | कार्यालयलाई थप आर्थिक व्ययभार पर्न गएको । | |
| ५. | | बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नु पर्नेमा खरिद योजना नबनाई खरिद गरेको पाइयो । | सार्वाजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक | कानूनको पालना नभएको । | परामर्श दाताले प्रत्येक आ.व.मा कारोबार गरिएको राजश्व दाखिला नगरि करचुक्ता प्रमाणपत्र अध्यावधिक नगरीएको ले राजश्व | सार्वजनिक खरिद ऐनतथा नियमावली अनुसार प्रस्ताव माग गर्दा सम्भव भएसम्म छ वटा र कम्तीमा तीन वटा परामर्शदातालाई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गनर् पर्ने छ ।त्यसरी खरिद यजना तयार गर्दा नियम ७ बमोजिम खरिद को गुरुयोजना समेत तयार भएको रहेछ भने त्यस्तो गुयोजनाको समेत आधार लिनु पर्नेछ । | | चहावट भई राजश्व वृद्धीमा कमि आएको । | प्रस्ताव सम्बन्धी कागजात पठाउनु पनर् व्यवस्था भएकोले त्य अनुरुप कार्य गर्ने । |
| ६. | | कर चुक्ता प्रमाणपत्र र आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र सम्बन्धमा। | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८, ७२ मा मौजुदा सूची स्टान्डिङ लिस्ट तयार गर्ने र मौजुदा सूचीमा रहेको परामर्शदाताबाट प्रस्ताव माग गरी परामर्श सेवा लिन सकिने व्यवस्था छ ।ऐन को दफा ६(क) बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति, संस्था, आपुर्तिकर्ता, निर्माण व्यवसी परापर्शदाता गैरसरकारी संस्था वा सेवा प्रदायकले देहायका कागजातको प्रतिलिपि संलग्न गरी सम्बन्धित सार्वजिनक निकायमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । क) संस्था वा फर्म दर्ताको प्रमाणपत्,<br>ख) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर दर्ताको प्रमाणपत्र,<br>ग)कर चुक्ता प्रमाणपत्र र (घ) आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्र। | | | |
| ७. | | कतिपय विल वा विजक भरपाईमा मिति उल्लेख नभएको र केरमेट गरि सच्याईएको । | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२२ मा निर्माण व्यवसायी, आपुर्तिकर्ता सेवा प्रदायक वा परामर्शदाताले यस नियम बमोजिम भुक्तानह्न को लागि पेश गर्ने विल वा अन्य कुनै विजकमा मिति नाम ठेगाना विल वा बीजकमा उल्लेख हुनुपर्ने । | | | |
| ८. | | कार्यालयको नाममा कायम भएको बेरुजू मध्य प्रचलित कानून बमोजिम पुर्‍याउनुपर्ने रित नपुर्‍याएको बेरुजू फछ्यौंट तथा फरफारक नगरेको । | आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ र ९० मा नियमित गरी बेरुजू फछ्यौंट तथा फरफारख गर्ने र असुल गरी बेरुजू फछ्यौंट तथा फरफारख गर्नुपर्ने व्यवस्था छ । | | | |
| ९. | | जिन्सी मालसामानको लगत तयार नगरेको । | आर्थिक कार्यविधि तथा नियमावली, २०७७ को नियम ९५ र आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ४७ बागमती प्रदेश मा | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्पत्ती तथा जिन्सी मालसामानको लगत तयार गर्नु पर्ने व्यवस्था छ । | | | |
| १०. | | सरकारी सम्पत्ती तथा जिन्सी मालसामानको निरीक्षण नभएको । भएकोहरु पनि औपचारीकतामा मात्र सिमित रहेको पाईयो । | आर्थिक कार्यविधि तथा वित्तिउत्तरदायित्व नियमावल, २०७७ को नियम ९९ मा व्यवस्था भए बमोजिम सरकारी सम्पत्ती तथा जिन्सी मालसामानको निरीक्षण गर्नुपर्ने । | | | |
